जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक २४ २०८० साल माघ १४ गते आइतवार (28 Jan. 2024 Sunday) मूल्य रु. ७/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** नागरिकप्रति सरकारको ... **पृष्ठ ३ मा :** कसरी गर्ने पूर्व प्रसूति स्याहार ? ... **पृष्ठ ४ मा :** गजेन्द्र बाबुको स्मृती दिवस ... **पृष्ठ ५ मा :** बिरोध र समर्थन पश्चात् ...

## बौद्धिक अपाङ्गतालाई तीनै तहका सरकारको सहयोग आवश्यक

**राजविराज**/बौद्धिक अपाङ्गताका अभिभावक संघ तथा बौद्धिक अपाङ्ग संघ सप्तरीले जिल्लाको विभिन्न स्थानमा रहेका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, क्षमता विकास, स्वरोजगार, शिक्षा, स्वास्थ्य तथा राज्यको मूल प्रवाहमा पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न गतिविधि अघि बढाएको छ ।



सप्तरी जिल्लामा सुस्त मनस्थिती तथा बौद्धिक अपाङ्गता भएको ब्यक्तिको संख्या ५ सयको हाराहारीमा रहेको छ । उनीहरुको पहिचान गरी अध्ययन, अध्यापन, अधिकार, स्वरोजगार, क्षमता विकास, सीपमूलक तालिम, सुनेर, देखेर, हेरेर, स्पर्श गरेर संकेत आदीका माध्यमबाट संरक्षणको प्रयास गरिरहेको बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीका अध्यक्ष जगदीश प्रसाद अर्यालको भनाई छ ।

संस्थाले एबलिज फाउन्डेशन, सिविएम तथा कोपिला परियोजनाको सहयोगमा जिल्लामा बौद्धिक अपाङ्गता भएका बालबालिकाको पठन पाठन तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागी विभिन्न गतिविधि अघि बढाएको छ । यस क्रममा सुस्त मनस्थिति तथा बौद्धिक अपाङ्गता भएका ४ दर्जन भन्दा बढी बालवालिकालाई आवासिय सुविधा सहित राजविराज ६ स्थित बहिरा बालक स्कुलको कम्पाउण्ड भित्र डे केयर श्रोत कक्षा सञ्चालनमा ल्याइएको छ ।

संस्थाले सोही परिसर भित्र ११ कठा जग्गामा बौद्धिक अपाङ्गता भएका वालवालिकाका लागि डे केयर आवासिय सुविधा सहितको नयाँ कक्षा कोठा भवन पनि बनाउन शुरु गरेको छ ।

तर अझै धेरै पूर्वाधारहरु निर्माण गर्नुपर्ने आवश्यकता रहेको र यसका लागी सरोकारवाला तथा तीनवटै तहका सरकारको सहयोग आवश्यक रहेको बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीका अध्यक्ष अर्यालको भनाई छ ।

२०६८ मंसिर २७ गते दर्ता भएको बौद्धिक अपाङ्गताका अभिभावक संघ तथा २०७९ असार २ गते दर्ता भएको बौद्धिक अपाङ्ग संघ सप्तरीले मिलेर यस क्षेत्रमा काम गर्दा लक्षित वर्ग लाभान्वित भएको समावेशी अपाङ्ग संघ सप्तरीका अध्यक्ष सतीश चन्द्र झाको कथन छ । दिगो विकासको लक्ष्य पुरा गर्न हरेक समुदायको संरक्षण, उन्नति र प्रगति जरुरी रहेको भन्दै उनले यसका लागी सवैको सहयोग र सहकार्य जरुरी रहेको बताए । दिगो विकासको नारा नारामै सिमित रहन नदिन तथा लक्ष्य प्राप्तिका लागी राज्य, दातृ निकाय र सबै सरोकारवालाको एकबद्धता र सहयोग उत्तिकै आवश्यक रहेको उनको भनाई छ ।

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका केन्द्रिय अध्यक्ष राजु बस्नेत अपाङ्गता भएका ब्यक्तिहरुको सम्मान र पहिचान पहिलो आवश्यकता रहेको बताउँछन् । यसका लागी राज्यले उनीहरुलाई पहिचानपत्र सहज रुपमा उपलब्ध गराउनुपर्ने उनको जोड छ । मुलुकको ७ सय ५३ वटै पालिकामा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी सम्मान र पहिचानपत्र सहज रुपमा उपलब्ध गराउन सके उनीहरु कष्टपूर्ण जीवनबाट थोरै भए पनि राहत पाउने उनको विश्वास छ ।

अपाङ्गता भएका ब्यक्तिको उपेक्षा गर्ने क्रम घरबाटै शुरु भई त्यसपछी समाज र राष्ट्रबाट समेत हुन थालेपछि उनीहरुमा निरासा छाउने गरेको बताउँदै उनले- यसका लागि सरकारले अपाङ्गमैत्री नीति बनाएर प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने बताए ।

बौद्धिक अपाङ्गता भएका महिला तथा वालिकाहरुको अवस्था जिल्लामा झन बियोग र कष्टपूर्ण रहेको बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीका सल्लाहकार आरती मण्डलको भनाई छ । एकातिर त्यस्ता वालिका र महिलालाई घरको कोठामा थुनेर राख्ने अर्कोतिर आमा बुवाले पूर्व जन्ममा गरेको पापका कारण यस्तो सन्तान जन्मिएको भनी गाउँ घरमा लाञ्छना लगाउने गरिएको सुनाउँदै उनले यस्तो ब्यवहार र बोलीले नारकीय जीवन बिताउन वाध्य बौद्धिक अपाङ्गता भएका माहिला र बालिकालाई थप पीडा हुने गरेको सुनाईन ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको मस्तिष्कसँगै पढाई लेखाई र सोचाई समेत अन्य ब्यक्तिको तुलनामा निकै कमजोर हुने गरेकाले उनीहरुलाई शिक्षण सिकाई क्रियाकलापमा बढी भन्दा बढी सहभागी गराउनु पर्ने राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेशका सचिव भवानी कटेलको सुझाव छ । मौजुदा अवस्थामा हामी सिमित श्रोत र साधनबाट उनीहरुको सहज जीवनयापनका लागी शिक्षण सिकाईका विभिन्न क्रियाकलाप संचालन गरे पनि त्यो मात्रै प्रयाप्त नभएको र राज्यबाट पनि आवश्यक सहयोग जरुरी रहेको उनको कथन छ ।

अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन बौद्धिक अपाङ्गता अभिभावक संघ तथा बौद्धिक अपाङ्ग संघ सप्तरीले गरेको प्रयास सकारात्मक छ ।

## गाँजासहित दुई प्रहरी नियन्त्रणमा



**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकाबाट प्रहरीले दुई जनालाई लागु औषध गाँजासहित नियन्त्रणमा लिएको छ ।

वडा नं. ७ आदर्श टोलमा प्रहरी चौकी धरमपुर र ट्राफिक पोष्ट कंचनपुरको टोलिले सवारी चेकजाँच गर्ने क्रममा उनीहरुलाई बिहीबार नियन्त्रणमा लिएको हो ।

फत्तेपुरबाट कंचनपुरतर्फ आउदै गरेको को.२५प.७०२४ नं को मोटरसाइकल चेकजाँच गर्ने क्रममा प्रहरीले चालक जिल्लाको तिलाठि कोईलाडी गाउँपालिका .६ बस्ने ३१ वर्षिय सचिन यादव र २६ वर्षिय अजय प्रसाद यादबलाई नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार उनीहरुको साथबाट मोटरसाइकलमा लुकाई छिपाई ल्याउँदै गरेको अन्दाजी ८ किलो तयारी गाँजा चार वटा पोका बरामद गरिएको छ ।

बरामद गरिएको मोटरसाइकल र दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी जिल्ला अदालत सप्तरीबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## भारदहबाट पनि अस्थायी बाटो इजाजत पत्र लिन सकिने

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहमा इजाजतपत्र (पटके सेवा) शुक्रबारदेखी सुरु भएको छ ।

श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेश अर्न्तगत यातायात कार्यालय राजविराजद्धारा आयोजित कार्यक्रममा उक्त सेवाको वडा नं. १ का अध्यक्ष सुरेन्द्र मण्डलले उद्घाटन गरेका हुन् ।



कार्यक्रममा यातायात कार्यालय राजविराजका प्रमुख शशी प्रसाद यादवले अस्थायी बाटो इजाजत पत्र सेवा संचालनमा आएपछि स्थानिय नागरिकलाई गुणस्तरीय सेवा मिल्ने विश्वास ब्यक्त गरे । छिटो छरितो सेवाका लागि भाडाको गाडीलाई कुन

*बाँकी अन्तिम पृष्ठमा*

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनताको चाहना अनुसार विकासमा ध्यान देउ

कुनै पनि स्थानको विकास गर्नु अत्यन्त सह्रानिय कार्य हो तर, यसमा जनताको चाहनालाई समेत ध्या दिनु आवश्यक छ। विकासको कार्यलाई निरन्तरता दिनका लागि जनतको आवश्यकता र चाहना आवश्यक हुन्छ। विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ। जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ। समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो।

विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो। सप्तरी जिल्लामा जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुले विकास त गरे तर, भ्रष्टाचार समेत गर्न भ्याए। जुन अत्यन्त दु:खको कार्य हो। यस बाहेक कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचिए। विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ।

सकारात्मक सोचका साथ विकासमा अगाडी बढ्नु उत्तिकै आवश्यक पर्दछ। तसर्थ कुनै पनि विकासका लागि जनताको विश्वास र दखल आवश्यक पर्दछ। उनीहरुको चाहना अनुसार विकास गर्न सकिए त्यो अन्यन्त सह्रानिय हुन्छ।

# नागरिकप्रति सरकारको दायित्व के ?

**नन्दलाल खरेल**

नेपाली राजनीतिमा सधैँ चर्चा पाउने विषय हो, आजको आवश्यकता के हो ? यस सम्बन्धमा धेरैले भन्ने गर्छन सुशासन, लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास तथा सामाजिक न्याय। कतिपयको तर्क सुनिन्छ– राजनीतिक स्थायित्व, राजनीतिक नेतृत्वमा इमानदारिता, कर्मचारीतन्त्रमा सुधार।

नागरिककेन्द्रित राजनीतिको चर्चा गर्नुभन्दा पहिला राजनीति के हो भनी बुझ्नैपर्छ। राजनीति देशको सम्पूर्ण क्षेत्रको टाउको हो। राजनीति नीतिसँग जोडिन्छ। सबै नीतिहरूमा राजनीति उच्च नीति हो। नीतिबिना राजनीतिको परिकल्पना गर्न सकिँदैन। समग्र समाजको हितका लागि काम गर्न सक्ने मूल विधा नै राजनीति हो। यति मात्र होइन, राजनीतिबाहेक अरु कुनै पनि विद्याबाट समाजको सम्पूर्ण परिवर्तन सम्भव छैन। नेताबिना राजनीतिको परिकल्पना हुँदैन। यसर्थ नेता, नीति र राजनीति सँगसँगै आउने कुरा हुन्। राजनीति एक कला हो, एउटा विज्ञान पनि हो, तर राजनीतिलाई कतिपय नेताहरूको अदूरदर्शिता, अकर्मण्यता, अधिनायकवादी र फासीवादी चरित्रले फोहोरी बनाएको छ।

दु:खका साथ भन्नुपर्छ, नेपाली राजनीतिलाई केही सीमित व्यक्तिद्वारा साम, दाम, दण्ड, भेद प्रयोग गरी आफ्नो स्वार्थका लागि मुठीमा कैद गरिएको छ। हाम्रो देशमा हरेकजसो राजनीतिक दलमा नेतालाई सर्वोपरि मान्ने प्रचलन छ। नेताले आफ्नो विचारलाई जबर्जस्त ढङ्गले अनुमोदन गराउने गर्छन्। कतिपय अवस्थामा आफ्नो विचार अनुमोदन भएन भने कुनै नेताले पार्टी नै छाडेको र अर्को त्यस्तै प्रकारको पार्टी खोलेको उदाहरण पनि देखिन्छ।

राजनीति भनेको त्याग हो, व्यवसाय होइन, तर हामीकहाँ राजनीति कतिपय अवस्थामा सबैभन्दा ठूलो व्यवसाय समेत बनेको छ। सरकारले ल्याएका नीतिहरूमा आमजनताको चासो रहन्छ। सरकारले ल्याएका कतिपय नीति तथा कार्यक्रम अनुसन्धान, तयारी र छलफलबिनै पस्कने गरेको पाइन्छ। फलस्वरूप यस्ता योजना नागरिककेन्द्रित हुन सक्दैनन्।

यो पङ्क्तिकारलाई सधैँ एउटै प्रश्नले पिरोलिरहेको छ– नेपाली राजनीतिक नदीमा कहिले सङ्लो पानी बग्ला ? नेपाली राजनीतिक नदीमा जसले सङ्लो पानी बगाउँछु भनेर विगतमा लागे, अझै पनि लागिरहेका छन्, तिनीहरूले नै त्यस नदीलाई फोहोर बनाइरहेका छन्। यसो हुँदा यहाँ सुशासनको नाममा कुशासन भएको छ। न्याय र समानताको नाममा अन्याय र असमानता बढेको छ। लोकतन्त्रका नाममा अलोकतान्त्रिक क्रियाकलापको बढोत्तरी भएको छ। राष्ट्रवादका नाममा अराष्ट्रवाद बढेको छ, अर्थात् अराष्ट्रवादी तत्त्वहरूको हालिमुहाली भएको छ।

नागरिकप्रति सरकारको धेरै दायित्व हुन्छ। यी विषय हाम्रो संविधानमा उल्लेख छ नै। सबै क्षेत्रका नागरिकका लागि सरकारले आर्थिक लगानीको न्यायोचित वितरण गर्नुपर्ने दायित्व हुन्छ। जनताको शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, आवासजस्ता कुरामा सरकारले ध्यान दिनुपर्छ। यद्यपि नागरिकहरूले यी सबै कुराको महसुस गर्न सकेका छैनन्।

गरिबी, बेरोजगारी, असुरक्षित भविष्य, अवसरहरूको अभाव आदि कारण दिनहुँ हजारौँ ऊर्जाशील युवा रोजगारी तथा उज्ज्वल भविष्यका लागि बिदेसिँदै छन्। रोजगारीका लागि दक्षिण कोरिया जाने परीक्षाको आवेदन दिन नपाएपछि गएको पुस १३ गते प्रदर्शनमा उत्रिएका युवामाथि प्रहरीले बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको छ। युवा देश छोड्न खोज्दै थिए, तर देशको गृह सुरक्षाले संसार छाड्नुपर्ने बनाइदियो, यो अत्यन्त दु:खद हो।

मुलुकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको डेढ दशक अघिदेखि अभ्यास गरिरहेको छ। अहिले प्रधानमन्त्री पुष्पकलम दाहाल 'प्रचण्ड'ले देशको नेतृत्व गरिरहेका छन्। देशलाई समुन्नत बनाउने र लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाएर जनतामा विश्वास र भरोसा जगाउने उनीमाथि ठूलो अवसर छ। यसका लागि सरकारले सबै संयन्त्रलाई प्रयोग गरी नागरिकको दासत्वमाथि विशेष ढंगले गम्भीर हुनुपर्ने देखिन्छ। विगत एक वर्षको अवधिमा केही झिल्काहरू देखिए पनि ती प्रयासरत छैनन्। ललिता निवासको जग्गा, सुनकाण्ड, नेपाली नागरकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहको पर्दाफासदेखि प्रशासनिक र संस्थागत सुधारका दर्जनौँ कामको थालनी प्रधानमन्त्री प्रचण्डले सुरुवात गरेका छन्। यसलाई आमनागरिकले सकारात्मक रूपमा लिएका छन्।

अहिले केही व्यक्ति लोकतान्त्रिक व्यवस्था ठिक छैन भनेर सिधासाधा जनतालाई भड्काइरहेका छन्। संसारका धेरै देशमा स्वतन्त्रता प्राप्तिका निमित्त संघर्ष तथा आन्दोलन हुन्छ, तर हाम्रो देशमा पाइरहेको संघीय गणतन्त्रविरुद्ध प्रदर्शन हुन्छ। यो कस्तो विडम्बना हो ? संघीय लोकतान्त्रिक गणतन्त्र कसैको लहर र करबलमा थोपरिएको व्यवस्था होइन। जनताको लामो संघर्षको बलमा प्राप्त भएको व्यवस्था हो यो। नेपालको इतिहासमा दुई सय ३८ वर्ष राजतन्त्रले शासन गर्‍यो। त्यसबेला विकासको स्थिति कस्तो थियो ? स्वतन्त्रताको अवस्था कस्तो थियो ? जनताको क्रयशक्ति कस्तो थियो ? कति प्रतिशत जनता बिजुलीको उज्यालोमा बस्थे ? गाउँघरमा कति विद्यालय खोलिएका थिए ? कतिवटा विश्वविद्यालय थिए त्यस बेला ? स्थानीय निकायमा कति बजेट हुन्थ्यो ? यी सबै प्रश्नको उत्तर खोज्न आवश्यक छ। मानौँ राजतन्त्र आयो, के देशमा सबैले रोजगार पाउँछन् ? सुशासन कायम भइहाल्छ ? विकासले फड्को मारिहाल्छ ? सबैको ऋण मिनाहा भइहाल्छ ? यी सबै भ्रम हुन्। यस्ता भ्रमको पछि लाग्नु हुँदैन। हो, मुलुकमा थुप्रै विकृति, विसंगति, भ्रष्टाचार र अपराध बढेको छ। यो गणतन्त्रका कारण बढेको होइन। सामन्तवादका अवशेषका कारणले बढेको हो। बिस्तारै सबै ठिक हुँदै जान्छ। त्यसका लागि राज्य सञ्चालकदेखि सबै क्षेत्रमा इमानदारिता आवश्यक हुन्छ।

राज्यका नागरिकलाई सरकारले स्वस्थ बनाउन विशेष भूमिका खेल्नुपर्छ। स्वस्थ नागरिक भए मात्र मुलुकको समृद्धि सम्भव छ। अस्वस्थ नागरिकले चाहेर पनि मुलुकलाई समृद्ध बनाउनमा योगदान पुर्‍याउन सक्दैन। संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हकको व्यवस्था त गरेको छ, तर त्यसको कार्यान्वयन जुन गतिमा हुनुपर्ने हो, त्यो हुन सकेको छैन। स्वास्थ्य क्षेत्र निजीको हातमा बढी गएको छ। स्वास्थ्य क्षेत्रलाई सरकारले विशेष रूपमा बजेट विनियोजन गरी नागरिकको स्वास्थ्य सेवामा विशेष ध्यान पुग्न जरुरी छ।

सडक र कृषि क्षेत्रको विकास गरी आम नागरिकका अवस्थामा सुधार गर्नु राज्यको दायित्व हो। अहिले पनि ५७ प्रतिशत जनता कृषिमा आबद्ध छन्। यद्यपि कृषि उत्पादनले हाम्रो आन्तरिक आवश्यकता पूरा गर्न सकेको छैन। वार्षिक तीन खर्ब रकम अहिले पनि हामीले कृषिजन्य वस्तु ( फलफूल, माछामासु, तेल तथा घिउ आदि) आयात गरी सिध्याएका छौँ। कतिपय हाम्रो उत्पादन सडकको अभावले बजारमा पुर्‍याउन नसकी खेर फाल्नुपर्ने अवस्था छ। सडकको विस्तार गर्ने हो भने कृषि उत्पादन बढाई बजारीकरण गरी आम्दानी गर्न सकिन्छ। जबसम्म सडकको विकास हुँदैन, तबसम्म कृषि तथा औद्योगिक क्षेत्रको विकास हुँदैन। नागरिकको स्थितिमा सुधार गर्न यो क्षेत्रको विकास गर्नु राज्यको प्रमुख दायित्व रहन्छ।

देशका नागरिकको स्थितिमा सुधार गर्न ऊर्जा क्षेत्रको विकास अपरिहार्य छ। ऊर्जाबिना न कलकारखाना चल्छ, न त कृषिको विकास, न त पर्यटन क्षेत्रको विकास। मुलुकले बगिरहेको पानी सदुपयोग गरेर खर्बौं रुपैयाँ भित्र्याउन सक्छ। देशमा विद्युत् उत्पादन सुरु भएको सय वर्षभन्दा बढी भइसक्यो, तर अहिलेसम्म २८ सय मेगावाट मात्र विद्युत् उत्पादन भएको छ। अबको एक दशकमै २८ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने सरकारी दाबी छ। त्यसका लागि सरकारले सबै संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ। निर्माण क्षेत्रमा हुने अवरोध लगानीको सुनिश्चितता र नीतिगत सुधारमा सरकारले विशेष ध्यान दिन अपरिहार्य छ।

अन्त्यमा अबको राजनीति नागरिककेन्द्रित अर्थात् नागरिकको अवस्थामा सुधार गर्नेतर्फ हुनुपर्छ। हिजो केन्द्रीकृत शासन व्यवस्था थियो, राज्यका स्रोत:-साधन निश्चित वर्गका मानिसले निश्चित क्षेत्रको विकासका लागि मात्र खर्चेका थिए। त्यसैले केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गरी संघीय शासन व्यवस्था अपनाइयो। अहिले तीनै तह सरकारले आ-आफ्नो सरकार सञ्चालन गर्नका लागि बजेट बनाई विनियोजन गरेका छन्। मुलुकका सम्पूर्ण नागरिकका लागि तीनवटै सरकारले आ-आफ्नो दायित्व पूरा गर्नुपर्छ। संघीयताको सफल कार्यान्वयनले मात्र मुलुकका नागरिकको सर्वाङ्गीण विकास सम्भव हुन्छ। (खरेल अर्थ राजनीतिक विश्लेषक हुन्।)
रातोपाटीबाट

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# कसरी गर्ने पूर्व प्रसूति स्याहार ? कस-कसलाई फाइदा पुग्छ ?

**भोजराज पोखेल**

एक बयस्क जोडीले बच्चा पेटमा राख्ने योजना बनाएदेखि वा आमाको पेटमा बच्चा बसेदेखि बच्चा जन्मने समय अवधिसम्मको सम्पूर्ण हेरचाह वा स्याहार-सुसार जसले आमा र पेटमा रहेको बच्चाको स्वास्थ्यमा प्रत्यक्ष्य रुपमा सहयोग पुर्याउँछ भने त्यस्तो किसिमको स्याहारलाई पूर्व प्रसूति स्याहार भनिन्छ । पूर्व प्रसूति स्याहारलाई अत्यन्त महत्वपूर्ण विषयको रुपमा लिइएको छ ।




जब कुनै दम्पतीले आफ्नो बंशजलाई निरन्तरता दिनको लागि होस् वा आफ्नो चाहना र रहर पूरा गर्ने उद्देश्यका साथ आफूबाट सन्तान जन्माउने सोच बनाउँछन् । त्यसपछि उनीहरु दुवैको सल्लाहले बच्चा आमाको पेटमा बस्नुभन्दा तीन महिना अगाडिदेखि नै स्वास्थ्यकर्मीको सल्लाह बमोजिम आफ्नो स्वास्थ्यको परीक्षण गराई फोलिकएसिड भन्ने औषधि दिनको एक गोलीको दरले बच्चा पेटमा बसेको १२ हप्ता अर्थात् तीन महिनासम्म निरन्तर रुपमा खानुपर्छ ।

त्यसपछि निरन्तर उनको खानपानमा विशेष ध्यान दिँदै गर्भ रहेको ९१औं दिनबाट एक गोली जुकाको औषधि खान दिने र निरन्तर रुपमा क्याल्सियम र आइरन एक/एक गोलीका दरले बच्चा जन्मेको ४५ दिनसम्म खान दिनुपर्छ । त्यसका साथै पहिलो गर्भवती महिला भएमा एक महिनाको फरकमा दुई डोज टीडी खोप र दोस्रो गर्भवती भएमा हरेक गर्भमा थप एक डोजको मात्राका आधारले टीडी खोप दिनुपर्छ । त्यसको साथसाथै नियमित रुपमा आठ पटक गर्भको जाँच निम्न अनुसार अनिवार्य गराउनुपर्छ ।

१. पहिलो जाँच गर्भ रहेको १२ हप्तामा
२. दोस्रो जाँच गर्भ रहेको १६ हप्तामा
३. तेस्रो जाँच गर्भ रहेको २० देखि २४ हप्तामा
४. चौथो जाँच गर्भ रहेको २८ हप्तामा
५. पाँचौ जाँच गर्भ रहेको ३२ हप्तामा
६. छैठौं जाँच गर्भ रहेको ३४ हप्तामा
७. सातौं जाँच गर्भ रहेको ३६ हप्तामा
८. आठौं जाँच गर्भ रहेको ३८ देखि ४० हप्तामा

**पूर्व प्रसूति स्याहारबाट कस-कसलाई फाइदा पुग्छ?**

यस प्रकारको नियमित गर्भ जाँचले आमा र बच्चालाई प्रत्यक्ष रुपमा फाइदा पुग्छ भने परिवारका सम्पूर्ण सदस्यहरुलाई समेत पारिवारिक मानसिक सामाजिक र आर्थिक पक्षमा फाइदा पुर्याएको हुन्छ । यसले बच्चालाई उसको महिनाको अनुपातमा हुनुपर्ने वृद्धिविकास शारीरिक तौलको साथै भिडियो एक्सरेको सहायताले त उसको शारीरिक अंग प्रत्येङ्गहरुको समेत अवस्था थाहा पाउन सकिन्छ भने आमाको शारीरिक मानसिक पारिवारिक र सामाजिक अवस्थाको साथसाथै महिनाको अनुपातको गर्भको वृद्धिविकास शारीरिक तौलको वृद्धि र गर्भको सम्पूर्ण अवस्थाको बारेमा जानकारी पाई थप केही सुधार र सचेत रहनु पर्ने कुराहरुमा समेत महत्वपूर्ण जानकारी लिन सकिन्छ ।

साथै, गर्भवती आमा र गर्भको बच्चा परिवारकै सदस्य भएको नाताले उनीहरु दुवैको स्वास्थ्यलाई जोगाएर राख्न सकेमा गर्भको कारणबाट परिवारमा कुनै किसिमको नकारात्मक समस्या देखा नपरेमा परिवारका सम्पूर्ण सदस्यहरुमा समेत पारिवारिक मानसिक सामाजिक र आर्थिक समस्या समेत देखा नपर्ने हुँदा पूर्व प्रसूति स्याहारलाई महत्वका साथमा हेरिएको पाइन्छ ।

**नियमित रुपमा गर्भ जाँच गराउँदा गर्भवती आमालाई स्वास्थ्यको साथमा अन्य फाइदा**

नियमित रुपमा आठ पटक गर्भ जाँच गराएमा गर्भवतीलाई स्वास्थ्यको साथमा अन्य फाइदा पनि नेपाल सरकारले व्यवस्थामा ल्याएको छ । गर्भवतीले प्रोटोकल अनुसार वा अनिवार्य आठ पटक गर्भ जाँच गराएमा ८०० रुपैयाँ र सुरक्षित रुपमा बच्चा जन्माउन अस्पताल गएमा गाडी भाडा स्वरुप तराईका जिल्लामा १००० रुपैयाँ, पहाडी जिल्लामा २००० रुपैयाँ र हिमाली जिल्लामा ३००० रुपैयाँ दरले थप गरी अस्पतालमा नै गएर बच्चा जन्माउने आमाहरुलाई दिने र बच्चालाई न्यानो झोला समेत दिने कार्यक्रम समेत रहेको छ । यस कार्यले गर्भवती आमाहरुमा अनिवार्य आठ पटक गर्भ जाँच गराउने र अस्पतालमै बच्चा जन्माउने कार्यमा थप उत्साह र प्रोत्साहन गर्ने गरेको पाइन्छ ।

त्यसैले आमा र बच्चाको स्वास्थ्यलाई थप सुरक्षित र जोखिममुक्त गराउनको लागि पनि आठ पटक वा प्रोटोकल अनुसार गर्भ जाँच अनिवार्य गराउनुपर्छ । अनिवार्य रुपमा खानुपर्ने औषधिको सेवन र अस्पतालमै बच्चा जन्माउने कार्यको साथै पूर्व प्रसूति स्याहारमा गर्भवती आमालाई खुवाउनुपर्ने ताजा र पोषिलो खानपानको साथै स्वास्थ्यका विभिन्न कार्यक्रमहरुमा र विभिन्न सूचनाहरुमा देखिएको 'हरेक बार खाना चार' भन्ने भनाइलाई व्यवहारमा प्रयोग गर्नुको साथमा आराम र व्यायामको समेत महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

अन्त्यमा, समग्र रुपमा भन्ने हो भने सरकारले जति पनि लगानी गरेको छ । त्यसकै आधारमा सेवाग्राहीहरुबाट सेवा पाएको आधार भने स्वास्थ्यको डाटाबेसको आधारमा अझै पनि कमी पाइएको छ । यसमा जिम्मेवारी कसले लिने त? भन्ने सन्दर्भमा अहिलेको नयाँ संरचना अनुसार वर्गीकरण गरिएको राज्यका तीन वटै तहका निकाय त्यहाँ रहेका सम्पूर्ण जनप्रतिनिधिहरु, प्रशासन र स्वास्थ्यका क्षेत्रमा काम गर्न खटिएका सम्पूर्ण सरोकारवालाहरुको नङ र मासुको सम्बन्धका साथ हातेमालो गरेर आ-आफ्नो ठाँउबाट देशैभरिको जनमानसलाई स्वास्थ्यको बारेमा जनचेतनामूलक सन्देश फैलाउन सकेमा यसको आवश्यकताको बारेमा बुझाउन सकेमा र स्वयं व्यक्तिले नै मेरो स्वास्थ्यको ख्याल म आफैं गर्नुपर्छ भने मात्र यो कार्यले पूर्णता पाउँछ । र, स्वास्थ्यका सूचकहरु लक्ष्यका आधारमा पूरा हुन्छन् ।

त्यस कारणले गर्दा मानव जीवनको सुरुवातीको चरणको पहिलो बिन्दु भनेकै पूर्व प्रसूतिको समयबाट हुने हुँदा यस समयमा एउटा मानवको स्याहार गर्दा दुई वटा आत्मा र शरीरको वृद्धि विकास र स्वस्थताको समेत स्याहार पुग्ने हुँदा यो पूर्व प्रसूति स्याहारको निकै महत्व रहेको पाइन्छ । (पोखरेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् ।) स्वास्थ्य खबरबाट


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी**


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

# गजेन्द्र बाबुको स्मृती दिवस मनाइयो

**राजविराज**/मधेशी अधिकारका लागी संगठित अभियानको नेतृत्वकर्ता स्व. गजेन्द्र नारायण सिंहको स्मृती दिवस बुधबार मनाइएको छ ।

स्व. सिंहको २२ औं स्मृति दिवसको अवसरमा स्मरण गर्दै विभिन्न कार्यक्रमको आयोजना गरी राजविराजमा स्मृती दिवस मनाइएको हो ।

यस अवसरमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सप्तरीले श्रद्धाञ्जली सभा, बिचार गोष्ठी र सालिकमा माल्यार्पण लगायतका कार्यक्रम गरेका छन् ।

लोसपा जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतामा उद्योग बाणिज्य संघको सभाहलमा आयोजित गजेन्द्र नारायण सिंह एवं संघवादको औचित्य विषयक विचार गोष्ठीमा लोसपाका केन्द्रिय उपाध्यक्ष जयप्रकाश ठाकुर, पूर्व नगर प्रमुख शैलेश चौधरी, शम्भु प्रसाद यादव, राजविराज नगरपालिकाका पूर्व उपप्रमुख साधना झा, लोसपाका केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, महिला नेतृ पुनम यादव, प्राध्यापक अमरकान्त झा, जसपा नेता विकास तिवारी लगायतले स्व. सिंहको मधेश आन्दोलनमा रहेको योगदान तथा उनले अघि सारेको विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताएका थिए ।

यसअघि लोसपा नगर समितिद्वारा नगरमा सरसफाई, तथा गजेन्द्र चौकस्थित स्व. सिंहको शालिक तथा सप्तरी सेवा आश्रममा रहेको उनको समाधि स्थलमा माल्यार्पण गरिएको थियो ।

लोसपा नगर समितिका अध्यक्ष समेत रहेका केन्द्रिय सदस्य दिपेन्द्र चौधरीको अगुवाईम उक्त कार्यक्रम सम्पन्न भएको सो पार्टीले जनाएको छ ।

यस्तै प्रदेशसभा सदस्य सतिश कुमार सिंहले तिलाठी कोइलाडी गाउँपालिकामा अवस्थित स्व. सिंहको सालिकमा माल्यार्पण गरि उनलाई स्मरण गरे ।

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष एवं मधेशवादका प्रणेता समेत भनिने सिहको २०५८ साल माघ १० गते निधन भएको थियो । सप्तरी जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका घर भएका सिंहको प्रत्येक वर्ष माघ १० गतेका दिन उनका अनुयायीहरुले विभिन्न कार्यक्रमको आयोजना गरी स्मृति दिवस मनाउने गरेका छन् ।

वि.स. १९९८ सालमा रामनवमीका दिन जन्मिनु भएका गजेन्द्र नारायण सिंह मधेशी अधिकारका लागी संगठित अभियान चलाउने क्रममा २०४७ सालमा सदभावना परिषद् हुदै नेपाल सदभावना पार्टीको गठन गरेका थिए ।

# सेनिटरी प्याड खरिद र भुक्तानीमा भ्रष्टाचार भएको भन्दै अख्तियारद्वारा आरोप पत्र दायर

**राजविराज**/छात्राहरुका लागि निःशुल्क वितरण गरिने सेनिटरी प्याड खरिद र भुक्तानीमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाँच जना बिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

अख्तियारले सप्तरीको रुपनी गाउँपालिकामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जना बिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको हो ।

आयोगले सप्तरीको रुपनी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दकुमार चौधरी, लेखा अधिकृत श्यामसुन्दर यादव, माध्यमिक तह शिक्षक श्यामप्रसाद यादव, नायब सुब्बा सुजन दाहाल र लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स राजविराजका ललिताकुमारी साहसमेत पाँच जनाविरुद्ध बिहीबार आरोपपत्र दायर गरेको जनाएको छ ।

अभियुक्तहरूले खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेर १७ लाखभन्दा बढी रकम हिनामिना गरेकाले उनीहरूविरुद्ध आयोगले मुद्दा दायर गरेको जनाएको छ । गाउँपालिकासँग मिलोमतो गरी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा सेनिटरी प्याड खरिद गरेको भनि आयोगमा उजुरी परेको थियो ।

आर्थिक वर्ष ०७७/०७८ मा मिलोमतोमा लागत अनुमान नै तयार नगरी नगराई ९ लाख ११ हजार ९ सय २५ रुपैयाँमा खरिद भएको सेनिटरी प्याडको मुल्य १७ लाख ८५ हजार ९ सय २८ देखाई भुक्तानी गरिएको थियो ।

आयोगका अनुसार ८ लाख ७४ हजार ३ रुपैयाँ स्वाभाविक रुपमा बढी मूल्य तिरी/भुक्तानी लिई दिई आफूहरुलाई लाभ पुर्‍याउने र गाउँपालिकालाई हानिनोक्सानी पुर्‍याउने बदनियतले प्रोप्राइटर साहलाई भुक्तानी दिने/लिने कार्य गराएको पुष्टि हुन आएको हो ।

सो कार्यमा अरविन्द, श्याम सुन्दर, श्याम प्रसाद र सुजनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा ८ लाख ७४ हजार ३ रुपैँया बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको आयोगले जनाएको छ ।

त्यस्तै, साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिम सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसुरमा मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा ८ लाख ७४ हजार ३ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय माग गरिएको छ ।

# मधेश प्रदेशमा गठबन्धनका उम्मेदबार बिजयी

**जनकपुरधाम**/राष्ट्रियसभा सदस्य निर्वाचन २०८० अन्तर्गत मधेस प्रदेशबाट दुई पदका लागि भएको निर्वाचनमा सत्ता गठबन्धनतर्फका दुवै उम्मेदवार विजयी भएका छन् ।

नेपाली कांग्रेसका उम्मेदवार आनन्दप्रसाद ढुङ्गाना र जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार पूजा चौधरी निर्वाचित भएका हुन् ।

निर्वाचन अधिकृत चित्रबहादुर गुरुङले ढुङ्गानाले प्रदेशसभाबाट ६७ र पालिकाबाट दुई सय एक मत प्राप्त गरे । प्रदेशसभा सदस्यको मतभार ५३ का आधारमा तीन हजार पाँच ५१ र पालिकाको १९ का आधारमा तीन हजार आठ १९ गरी ढुङ्गानाले जम्मा सात हजार तीन ७० मत प्राप्त गरे ।

त्यसैगरी, चौधरीले प्रदेशसभाबाट ७६ र पालिकाबाट दुई सय पाँच मत गरी जम्मा सात हजार नौ सय २३ मतभार प्राप्त गरे ।

# दुई नवनिर्मित संरचनाको उद्घाटन

**राजविराज**/जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सप्तरीका दुई नवनिर्मित संरचनाको उद्घाटन गरेका छन् ।

राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस परिसर भित्र निर्माण गरिएको इन्जिनियरीङ्ग कलेज भवन र संघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय राजविराजद्वारा विष्णुपुर गाउँपालिका ६ मा निर्माण गरिएको मुक्तिद्वार (शवदाह गृह) को उनले उदघाटन गरेका हुन् ।

आफ्नो पुरानो निर्वाचन क्षेत्रमा उनले २०७६ सालमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तगत राजविराज नगरपालिका मार्फत ६ करोड रुपैया सहयोग उपलब्ध गराएपछि सुविधा सम्पन्न १५ कोठे कलेज भवन निर्माण सम्पन्न गराएका थिए ।

उक्त कार्यक्रममा प्रमुख अतिथीको आसनबाट बोल्दै पुर्व उपप्रधानमन्त्री समेत रहेका जसपा अध्यक्ष यादवले इन्जि-नियरिङ शिक्षा अध्ययनका लागी यहाँ विद्यार्थीहरु बाहिर जानु पर्ने अवस्था अन्तका लागी आफुले आफनो कार्याकालमा निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेटबाट कलेज भवन निर्माणमा सहयोग गरेको बताए ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको अध्यक्षमा आयोजित कार्यक्रममा जसपाका प्रवक्ता मनिष सुमन, प्रतिनिधी सभासदस्य रन्जु ठाकुर, प्रदेश सांसद किरण कुमारी साह, जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साह, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, पुर्व मन्त्री रेणु यादव, मधेश प्रदेशका पुर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह लगायतले पनि सो अवसरमा शुभकामना दिएका थिए ।

# निरन्तर बढ्दै गएको चिसोले जनजीवन कष्टकर

**राजविराज**/पछिल्लो २० दिनदेखि सप्तरीलगायत पूर्वी तराईका जिल्लामा निरन्तर बढ्दै गएको चिसोले जनजीवन कष्टकर बन्दै गएको छ ।

लगातारको चिसो कठयाङ्ग्रिदो हावा, शीतलहर, हुस्सु र बाक्लो कुहिरोका कारण मानिस, पशुचौपाया तथा बालिनालीसमेत प्रभावित भएका छन् ।

जिल्लाको सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ । चिसो बढेसँगै बजारमा बाक्लो ऊनीका कपडाको बिक्री भने बढेको व्यापारी बताउँछन् । स्वास्थ्य केन्द्रसहित अस्पतालमा रुघा, खोकी, दम तथा हाडजोर्नी दुखाइका बिरामीको सङ्ख्यामा वृद्धि भएको चिकित्सक बताउँछन् । लगातार बढ्दै गएको जाडोबाट बालबालिका, वृद्धवृद्धा र सुत्केरी बढी प्रभावित भएका छन् ।

९ नगरपालिका र ९ गाउँपालिका रहेको जिल्लाको विभिन्न गाउँबस्तीमा जाडोबाट बच्नका लागि ठाउँठाउँमा स्थानीयवासील आगो बालेर ताप्ने गरेको देखिन्छ । विभिन्न पालिकाले आ-आफ्नो क्षेत्रका गाउँ बस्तीमा आगो बाल्न निःशुल्क दाउरा उपलब्ध गराउनुका साथै कम्बल, सिरक तथा न्यानो कपडा वितरण गरिरहेका छन् ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# बिरोध र समर्थन पश्चात् विश्वविद्यालय भवनको शिलान्यास






**राजविराज**/मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासका क्रममा जनमत पार्टी र जसपाबीच भएको बिरोध र समर्थन पश्चात् विश्वविद्यालय भवनको शिलान्यास भएको छ ।

जनमत पार्टीको बिरोधका कारण कडा सुरक्षा ब्यवस्थाबीच राजविराज नगरपालिका १३ विषहरियामा जसपा अध्यक्ष उपेन्द्र यादवले भुमीपुजन गर्दै विश्व विद्यालय भवनको शिलान्यास गरेका हुन् ।

भुमि पुजन कार्यमा मधेश प्रदेशका मुख्य मन्त्री सरोज कुमार यादव, अर्थ मन्त्री संजय कुमार यादव, संघिय साँसद नवल किशोर साह, राष्ट्रिय सभासदस्य मृगेन्द्र कुमार सिंह यादव, पुर्व मन्त्री रेणु यादव, प्रदेशका पुर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह लगायतका उपस्थिति थियो ।

प्रदेश सरकारको गौरवको आयोजना मध्येको सर्वाधिक ठूलो मानिएको उक्त विश्वविद्यालय निर्माणका लागी मधेश प्रदेश सरकारले ३१ करोड संघिय सरकारले ३२ करोड गरी कूल ६३ करोड सहयोग गरेको तथा थप आवश्यक सहयोग प्रदेश सरकारले गर्ने कार्यक्रममा मुख्यमन्त्री सरोज कुमार यादवले बताए ।

यता जनमत पार्टीले भने सो शिलान्यास समारोह बहिष्कार गरेका छन् । जनमत पार्टीबाट प्रतिनिधीत्व गर्दै प्रदेश सरकारमा शिक्षा एवं संस्कृति मन्त्रीको जिम्मेवारी सम्हालेका महेश प्रसाद यादवले अघिल्लो दिन नै एक प्रेस विज्ञप्ती मार्फत उक्त शिलान्यास समारोह रोक्न विश्वविद्यालय प्रशासनलाई निर्देशन दिएका थिए ।

शिक्षा मन्त्रीको हैसियतले आफु विश्वविद्यालयको सहकुलपति रहेको स्मरण गराउँदै उनले आफुलाई समेत कुनै जानकारी र सरसल्लाह विना गर्न शिलान्यास लागिएको उनले जारी गरेको विज्ञप्तिमा उल्लेख थियो ।

शिलान्यासको क्रम चलिरहेको बखत जनमत पार्टीले विरोधस्वरुप शिलान्यास्थल नजिक जुलस सहित नाराबाजी गर्दा स्थिति तनावपूर्ण बनेको थियो । कडा सुरक्षाको बीच आयोजना गरिएको शिलान्यास स्थलमा नेपाल तथा सशस्त्र प्रहरी ठुलो संख्यामा तैनाथ थिए । विरोध जुलुशको एक समुहको नेतृत्व प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवले गरेका थिए भने जनमत पार्टीका तर्फबाट निर्वाचित प्रदेश सभासदस्य सतिश कुमार सिंहको नेतृत्वमा अर्को समुह विरोध प्रर्दशनमा उत्रेका थिए ।

**जनमतका नेता तथा कार्यकर्ता प्रहरीबाट कुटिए**

मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासका क्रममा बिरोध गरिरहेका जनमत पार्टीका नेता कार्यकर्ता प्रहरीबाट कुटिएका छन् ।

लाठी प्रहारबाट जनमत पार्टीका संसदीय दलका नेता एवं मधेश प्रदेशका शिक्षा तथा संस्कृती मन्त्री महेश प्रसाद यादव घाईते भएका छन् । उनीसँगै मधेश प्रदेशका अर्थ तथा योजना समितिका सभापति सतिश कुमार सिंह, प्रदेशसभा सदस्यद्वय भाग्यश्री चौधरी, रंजु खंग, ऋषिकेश ठाकुर, अमरेन्द्र यादव, पप्पु यादव, उमेश राज, सचितानन्द यादव, प्रमोद ईसर, समिक्षा राणा लगायत एक दर्जन घाइते भएका छन् ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले गर्ने राजविराज १३ स्थित विषहरियामा मधेश प्रदेश कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रमको बिरोध गर्न पुगेका मन्त्री यादवसहित जनमतका अन्य नेताहरुमाथी प्रहरीले लाठी प्रहार गरेको हो ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**


**तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

### घुस लिएको आरोपमा चीनमा बैंकका पूर्व उच्च अधिकारीलाई २० वर्षको कारागार सजाय

**बेइजिङ**/मुलुकको वित्तीय क्षेत्रमा व्यापक भ्रष्टाचारविरुद्धको कारवाहीअन्तर्गत चीनको सबैभन्दा ठूलो सरकारी बैङ्कमध्येको एकका पूर्वकार्यकारीलाई शुक्रबार घुस लिएको आरोपमा २० वर्षको कारागार सजाय सुनाइएको सरकारी मिडियाले बताएको छ ।

सरकारी प्रसारक सिसिटिभीको रिपोर्टअनुसार चाइना डेभलपमेन्ट बैंकका उपाध्यक्ष भइसक्नुभएका हे जिङजियाङलाई बेइजिङको एक अदालतले 'घुस लिएको, अवैधरूपमा वित्तीय उपकरण जारी गरेको, अवैधरूपमा ऋण दिएको र विदेशी निक्षेप लुकाएको' अभियोगमा सजाय सुनाएको छ ।

रिपोर्टमा उहाँलाई अधिकारीहरूले अनुसन्धानको दायरामा राखेपछि उहाँको अपराध सन् २००६ देखि सन् २०२१ सम्म भएको बताइएको छ । सिसिटिभीले ६० वर्षीय हेमाथि ५१ लाख युआन (करिब सात लाख २० हजार अमेरिकी डलर) जरिवानासमेत गरिएको बताएको छ । चीनका राष्ट्रपति सि जिनपिङले एक दशकअघि सत्तामा आएपछि गहिरोसँग व्याप्त आधिकारिक भ्रष्टाचारविरुद्ध व्यापक अभियान चलाउनुभएको छ । समर्थकहरूले राष्ट्रपति सिको नीतिले स्वच्छ शासनलाई बढावा दिने बताएका छन् । यद्यपि आलोचहरूले यसले राष्ट्रपति सिको राजनीतिक प्रतिद्वन्द्वीहरूलाई समाप्त गर्न सहयोग गरेको बताएका छन् ।

हालै भ्रष्टाचारविरुद्धको अभियानले मुलुकका केही शीर्ष फाइनान्सरहरूलाई निशाना बनाएको छ । डिसेम्बरमा चाइना डेभलपमेन्ट बैंकका अर्को पूर्वउपाध्यक्ष झोउ छिङ्युलाई घुस लिएको आशङ्कामा पक्राउ गरिएको थियो । गत साता राज्यको स्वामित्व भएको चिनियाँ बैङ्किङ एभरब्राइट समूहका पूर्वअध्यक्षलाई भ्रष्टाचार तथा घुसखोरीको आशङ्कामा पक्राउ गरिएको थियो । एजेन्सी

### इजराइलले गाजामा नरसंहार रोक्नुपर्छ : राष्ट्रसंघीय अदालत

**दि हेग**/संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अदालत (आइसिजे)ले विश्वव्यापी ध्यानाकर्षण भएको मुद्दामा शुक्रबार इजराइलले गाजामा नरसंहार कार्य रोक्नुपर्ने र कब्जा गरिएको क्षेत्रमा 'तत्काल आवश्यक' मानवीय सहायता प्रदान गर्नुपर्ने फैसला सुनाएको छ ।

आफ्नो सैन्य कारबाहीमाथि दवाब दिइरहेको इजराइललाई अदालतले कुनै पनि सम्भावित नरसंहार कार्यबाट बच्न आग्रह गरेको छ । यद्यपि अदालतले युद्धविरामाको आदेश दिन सकेन ।

"प्यालेस्टिनीहरूले सामना गरिरहेको जीवनको प्रतिकूल परिस्थितिलाई सम्बोधन गर्न तत्काल आवश्यक आधारभूत सेवा र मानवीय सहायताको प्रावधानलाई सक्षम बनाउनका लागि इजराइलले तत्काल र प्रभावकारी कदम चाल्नुपर्छ", अदालतले भनेको छ ।

यो स्तरमा आइसिजेले इजराइलले वास्तवमा गाजामा नरसंहार गरिरहेको छ वा छैन भन्नेबारेमा विचार गरिरहेको थिएन । यो प्रक्रिया धेरै वर्ष लाग्नेछ । यद्यपि अदालतले इजराइललाई चेतावनी दिँदै सन् १९४८ मा नाजी नरसंहारको भयावह विश्वभर परेको बेला स्थापित संयुक्त राष्ट्रसङ्घ नरसंहार महासन्धिअन्तर्गत पर्नसक्ने कार्यहरू रोक्नका लागि आफ्नो शक्तिमा सबै उपाय गर्न चेतावनी दिएको छ । फैसलामा इजराइलले नरसंहार रोक्नका लागि कुनै पनि उक्साहटलाई 'रोक्न र दण्डित' गर्नुपर्ने उल्लेख छ । उक्त मुद्दा दक्षिण अफ्रिकाले ल्याएको थियो । दक्षिण अफ्रिकाले इजराइलमाथि संयुक्त राष्ट्रसङ्घीय नरसंहार महासन्धिको उल्लङ्घन गरेको आरोप लगाएको छ ।

यसै महिना आइसिजे बसेको पिस प्यालेसको सुनौलो हलमा दुई दिनको सुनुवाइमा दुवै पक्षका वकिलहरूले उक्त महासन्धिको व्याख्यामाथि बहस गरेका थिए । दक्षिण अफ्रिकाले इजराइलमाथि 'प्यालेस्टिनी राष्ट्रिय, नस्लीय र जातीय समूहको ठूलो हिस्साको विनाश' गराउने उद्देश्यले 'नरसंहार' कार्य गरेको आरोप लगाएका छ । दक्षिण अफ्रिकाले अदालतसमक्ष इजराइललाई गाजामा आफ्नो सैन्य कारबाहीलाई 'तत्काल निलम्बन' गर्न आदेश दिन र त्यहाँका नागरिकहरूसम्म मानवीय सहायता पुर्‍याउन अनुमति दिन आग्रह गरेको छ ।

इजराइलले उक्त मुद्दालाई 'पूर्णरूपमा विकृत कथा' भन्दै खारेज गरेको छ । उसका अनुसार यदि कुनै नरसंहारी कार्य गरिएको थियो भने उनीहरूलाई इजराइलविरुद्ध अक्टोबर ७ मा हमासको हमलामा मारिएको थियो । इजराइलका शीर्ष वकिल ताल बेकरले भन्नुभयो, "इजराइलले गाजामा कारवाही गरेर मानिस नष्ट गर्न खोजेको होइन तर धेरै मोर्चामा हमलामा परेका आफ्ना जनताको रक्षाका लागि हो ।"

अब अदालतको फैसलाको पालना गरिन्छ कि गरिँदैन भन्ने प्रश्न रहेको छ । यसका नियमहरू कानूनीरूपमा बाध्यकारी भए पनि यसलाई लागु गर्ने कुनै संयन्त्र छैन र कहिलेकाहीं यस्ता फैसलालाई पूर्णरूपमा बेवास्ता गरिन्छ । जस्तो कि अदालतले रुसलाई युक्रेनमाथि आक्रमण रोक्न आदेश दिएको थियो । इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले पहिला नै इजराइलले कुनै पनि फैसलाको पालना नगर्ने सङ्केत दिनुभएको छ । उहाले भन्नुभएको छ, "कसैले पनि हामीलाई रोक्न सक्नेछैन, हेगमा भएको फैसलाले पनि रोक्न सक्तैन ।" एजेन्सी

# जनमत प्रदेश सरकारबाट बाहिरियो



**राजविराज**/जनमत पार्टी मधेश प्रदेश सरकारबाट बाहिरिएको छ। सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ।

पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले मंगलबार साँझ प्रदेश प्रमुखलाई सरकारबाट समर्थन फिर्ता लिएको पत्र बुझाएका छन्।

मधेश प्रदेशका सभामुख तथा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय जनकपुरधामलाई समेत बोधार्थ गरिएको पत्रमा “मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि नेपालको संविधान धारा १६८ अनुसार जनमत पार्टीको समर्थन रहेकोमा आजकै मितिबाट संसदीय दलको बैठकको निर्णय अनुसार सो समर्थन फिर्ता लिइएको जानकारी गराउद छौं।” उल्लेख छ।

जनमतबाट सरकारमा सहभागि दुई मन्त्री र एक राज्यमन्त्री समेतले राजिनामा दिएका छन्। जनमतको मधेश प्रदेशमा १३ प्रदेशसभा सदस्य छन्।

सोमबार मात्रै राजविराज १३ स्थित विषहरियामा मधेश प्रदेश कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रममा शिक्षा मन्त्री यादवलाई वेवास्ता गरि राखिएको कार्यक्रमको जनमत पार्टीले विरोध गरेको थियो। सो कार्यक्रमका क्रमको बिरोध गर्न पुगेका मन्त्रीसहित जनमतका सांसदहरु एक दर्जन नेता कार्यकर्ता प्रहरीको लाठीचार्जबाट घाइते भएका थिए।

जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले मंगलबार एक प्रेस विज्ञप्ति जारि गर्दै सरकारबाट समर्थन फिर्ता लिएको बारे पार्टीको धारणा सार्वजनिक गरेका छन्।

उनले जारि गरेको विज्ञप्तिमा २०७९ पुस २७ मा गठबन्धन सरकारलाई मधेशमा सुशासन कायम गर्न, किसान आन्दोलनको मुद्दालाई सम्बोधन गर्न, शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा जनताको स्तर उकास्न समर्थन दिएको र सोही अनुरुप मन्त्रालयहरुको जिम्मा पाउने समझदारी समेत बनेकोमा जनमत पार्टीका मन्त्रीले किसानहरुको लागि सकारात्मक कार्यक्रमहरु ल्याएर लोकप्रिय भइरहेको बेलामा आफ्नो पार्टीको भागमा परेको मन्त्रालय खोसेर महिनौसम्म बिना विभागिय मन्त्री बनाउने काम गरेको आरोप लगाएका छन्।

त्यस्तै स्वास्थ्य र खेलकुदको क्षेत्रमा राम्रो काम गर्न लाग्दा जनमत पार्टीको जिम्मेवारीमा रहेको शिक्षा तथा समाजकल्याण मन्त्रालयलाई पटक-पटक फुटाउने कार्य भएको जिकिर गर्दै उनले त्यसकै खेलकूद मन्त्रालय फुटाउनु र शिक्षा तथा संस्कृती मन्त्रालयमा मात्रै सिमित गर्नु त्यसको पछिल्लो उदाहरण सबैमा जानकारी नै भएको उल्लेख गरेका छन्।

नेता यादवले विज्ञप्तिमा यी सबै कुराहरु गठबन्धनमा कुनै छलफल वा मन्त्री परिषद्मा समेत कुनै प्रस्ताव नै नलगेर एकलौटी र गोप्य ढंगले गरिएकोमा असन्तुष्टि व्यक्त गरेका हुन्। यस्तै विज्ञप्तिमा सांसद रन्जु खंग खत्वेको नामको राज्यमन्त्रीको रुपमा सिफारिस भइसक्दा पनि सपथ ग्रहण नगराइएको तथा मन्त्री परिषद्को बैठक प्राय नबसी बिना कुनै छलफल नै एकल पार्टीको निजि सम्पत्ति झैं सरकारको कामकारवाही चल्ने गरेको उल्लेख गरेका छन्।

उनले आफ्नो मन्त्रालयमा समेत सम्बन्धित मन्त्रीलाई कुनै निर्णय गर्न नदिएको वा निर्णयहरुको जानकारी पनि नगराउने गरेको, कुनै पनि काम गर्ने वातावरण नबनाएको, काम सकारात्मक र जनताको हितमा बढ्न लाग्दा पटक-पटक मन्त्रालय फुटाएको विज्ञप्ति मार्फत आरोप लगाएका छन्।

नेता यादवले आफ्नै मातहतको मधेश कृषि विश्वविद्यालयको शिलान्यासको विषयमा जानकारी समेत नदिई कार्यक्रम स्थलमा पुग्दा सरकारको निर्देशनमा आफूसहित मधेश प्रदेशका माननीयहरु माथी लाठीचार्ज गर्न लगाई घाइते बनाएको जस्ता निन्दनीय र क्रुर तानाशाही कदमहरु चालेको हुनाले जनमत पार्टीका मन्त्रीहरुले मधेश सरकारको मन्त्रीपरिषद्बाट राजिनामा दिनुका साथै मधेश सरकारबाट समर्थन समेत फिर्ता गरेको विज्ञप्ति मार्फत जानकारी गराएका छन्।

# सप्तरी स्वाभिमान यात्रा सुरु

**राजविराज**/पुर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका नेता उमेश कुमार यादवले गजेन्द्र नारायण सिंह र साकेतचन्द्र मिश्रको शालिकमा माल्यार्पण गरी सप्तरी स्वाभिमान यात्रा सुरु गरेका छन्।

सप्तरीको समग्र विकासमा देखिएका समस्याहरुको पहिचान गर्दै समाधानका लागि सबै पक्षलाई एकै थलोमा ल्याउने उद्देश्यका साथ पुर्वमन्त्री यादवले सो अभियानको सुरुवात गरेको बताए।

अभियानको सुरुवात गर्दै उनले दलिय भावनाबाट माथि उठेर सप्तरीको समग्र विकासका लागि अभियान भएकाले यसमा सबैको साथ सहयोग रहने विश्वास व्यक्त गरे।

जिल्लाको बलानबिहुल गाउँपालिकास्थित चन्ही मल्हनियाँबाट अभियानको सुरुवात गरिएको उनले बताए। अभियानका क्रममा गाउँका बुद्धिजिवी, किसान तथा सर्वसाधारणहरुसँग सप्तरीको कृषि, सिंचाई, पर्यटन लगायतका समस्या बारे छलफल गर्ने उनको भनाई छ।

अभियानका क्रममा स्थानीय तहबाटै समाधान हुने विषयलाई स्थानीय तहबाटै र अन्य निकायबाट समाधान हुने विषयलाई सम्बन्धी निकायमा लैजाने उनले बताए।

पहिलो चरणमा जिल्लाको १८ वटै पालिकामा अभियान लैजाने र त्यहाँबाट आएका सुझाव सल्लाह अनुसार दोश्रो चरणको कार्यक्रम निर्धारण गर्ने उनले बताए।

### *भारदहबाट पनि...*

रुटमा जाने त्यसका लागि इजाजत लिन २४ औं घण्टा सेवा सूचारु रहने उनले बताए।

मधेस प्रदेशकै पुर्वमा पर्ने भारदहमा यस्तो कार्यको सुरुवात भएका हुनाले जनता मात्र नभएर पुर्व-पश्चिम राजमार्गमा आउने जाने गाडीका चालनहरुलाई बाटो इजाजत पत्र लिन सुविधा भएको उनको भनाई थियो।

साथै स्थानियबासीको सुविधाका लागि भारदहबाट पनि गाडीको ब्लुबुक नविकरण गराउन सकिने बताउदै अगामी दिनमा यो भन्दा पनि जनताको सुविधाका लागि हामी राम्रो काम गर्दै जाने उनले विश्वास व्यक्त गरे।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका सुब्बा शुशिल कर्ण, वडा कार्यालयका वडा सचिव अरुण यादव, इलाका प्रशासन कार्यालयका प्रमुख दिनेश कार्की र संचारकर्मी अरुण यादव लगायत स्थानियको उपस्थित रहेको थियो।

# वडा सदस्यहरुद्वारा दोश्रो चरणको आन्दोलन घोषणा

**राजविराज**/राजविराज नगरपालिकाका वडा सदस्यहरुले थालेको आन्दोलनका क्रममा आइतबार जुलुस प्रदर्शन गर्ने भएका छन्।

बिटौरी जग्गा वाहकलाई लालपूर्जा र फुकुवा प्रक्रिया अविलम्ब सुरु गर्नु पर्ने विभिन्न सात बुँदे मागसहित विगत सात दिनदेखी आन्दोलनरत थिए। पहिलो चरणको आन्दोलन सम्पन्न भएपछि दोश्रो चरणको आन्दोलनका क्रममा पहिलो दिन सो जुलुस प्रदर्शन गरिने भएको हो।

दोश्रो चरणको आन्दोलनमा बिटौरी जग्गा वाहकहरु सम्मिलित जुलुस र नगरपालिका कार्यालयमा दुई घण्टा धर्ना दिने कार्यक्रम तय भएको वडा सदस्य संघर्ष समितिका संयोजक रामानन्द देवद्वारा जारि विज्ञप्तिमा उल्लेख छ।

पहिलो चरणको आन्दोलन समाप्त भए लगत्तै वडा सदस्यहरुको बुधबारै बसेको बैठकले दोश्रो चरणको आन्दोलन अन्तरगत माघ १४ गते आइतबार जुलुस प्रदर्शन तथा सोमबारदेखी सात दिनसम्म नगरपालिका कार्यालयको परिसरमा दुई घण्टा धर्ना दिने कार्यक्रम तय भएको जनाएको छ।

यसअघि पहिलो चरणको आन्दोलनको अन्तिम दिन बुधबार आन्दोलनरत वडा सदस्यहरुप्रति मधेश प्रदेश सभा सदस्य सतिशकुमार सिंहसहित नागरिक अगुवा र विभिन्न राजनैतिक दल तथा संघसंस्थाका प्रतिनिधिहरुले ऐक्यवद्धता जनाएका छन्।

ऐक्यवद्धता जनाउँदै वडा सदस्हरुले उठाएका जनहित र आफ्नो अधिकारका ७ बुँदे माग पुरा गर्न स्थानीय, प्रदेश र संघीय सरकारसँग माग पनि गरे।

बिटौरी जग्गा बाहकहरुको समस्या समाधानका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगरबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगर क्षेत्रमा सिसी क्यामरा जडान गर्नु पर्ने, छाडा पशुचौपाया नियन्त्रण गर्नु पर्ने, सुरक्षा तथा नगरका अन्य समस्या व्यवस्थापनका लागि नगर प्रहरी भर्ना गर्नु पर्ने लगायतका ७ बुँदे माँग राखी चरणबद्ध आन्दोलन थालिएको हो।


## विष्णुपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

विष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

मिति २०८०/१०/१४ गते

### विष्णुपुर गाउँपालिका, सप्तरीको गाउँ सभा सम्बन्धी सूचना

प्रस्तुत विषयमा मधेश प्रदेश सरकारद्वारा जारी “गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य संचालन (कार्यविधी) ऐन, २०७७” को दफा ३ को उपदफा ६ बमोजिम कार्यवाहक अध्यक्ष ज्यूको आदेशानुसार तपसिलमा उल्लेखित मिति, समय र स्थानमा यस विष्णुपुर गाउँपालिकाको गाउँ सभाको बैठक बस्ने हुँदा सो बैठकमा उपस्थितिको लागि यस विष्णुपुर गाउँपालिकाका सभा अध्यक्ष तथा सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई अनुरोध पत्र पठाई सकिएको छ। कुनै कारणवश पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानि उक्त बैठकमा उपस्थितिको लागि यस विष्णुपुर गाउँपालिका, सप्तरीका सभा अध्यक्ष तथा सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध छ।

**गाउँ सभाको बैठक हुने:**

मिति: २०८०/१०/१९ गते शुक्रबार
समय: बिहान ११:०० बजे
स्थान: गाउँपालिकाको सभा हल, विष्णुपुर गाउँपालिका, सप्तरी



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*